# अध्याय १

## भूमिका

### १.१. शोध शीर्षक

प्रस्तुत शोध प्रबन्धको शीर्षक 'दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामहरुको विश्लेषणात्मक अध्ययन' राखिएको छ।

### १.२. शोध विषयको परिचय

यस शोध प्रबन्धमा दार्जिलिङ पहाडी क्षेत्रमा प्रचलित विभिन्न स्थानका नाम, तिनको व्युत्पत्ति, अर्थ र संरचना आदिका दृष्टिले स्थाननामहरुको विश्लेषणात्मक अध्ययन गरिएको छ।

यस अध्ययनले यहाँ प्रचलित स्थाननामहरु, तिनका अधावधिक रुप, तिनमा देखिएका परिवर्तनको परिपाटी र कारण, क्षेत्रका विभिन्न जाति र तिनको भाषिक विशेषता, समाज, संस्कृति, इतिहास, भूगोल, पर्यावरण, व्यवसाय, जीविका उपार्जन, रहन-सहन, खानपिन, मानवमूल्य, विश्वास, मान्यता आदिबारे विवरण प्रस्तुत गर्दछ।

### १.३. शोध-समस्याकथन

- दार्जिलिङ पहाडी क्षेत्रमा देखापर्न आएका स्थानहरुका नामको अर्थ र संरचना के कस्तो छ?
- कालक्रमअनुसार उच्चारणादि भेदले गर्दा परिवर्तन भइसकेका स्थाननामहरुमा कुन भाषाको कस्तो प्रभाव छ?
- तिनको व्युत्पत्ति के हो?
- तिनमा के कति परिवर्तन आएको छ?
- परिवर्तनका कारणहरु के-के हुन्?

- स्थाननामहरूले यहाँका सांस्कृतिक, सामाजिक, ऐतिहासिक, भौगोलिक परिवेश, पर्यावरण, पुरातत्त्व, मानव प्रकृति, मूल्यबोध, विश्वास आदि के कस्तो ढङ्गमा वहन गरेका छन्?
- दार्जिलिङमा बसोबासो गरिआएका विभिन्न जाति कुन-कुन छन्?
- तिनको रहन-सहन, व्यापार-वाणिज्य, खानपिन, जीवन दर्शन के कस्ता छन्? आदि प्रश्नहरूको समाधान खोज्नु यस शोध प्रबन्धको मुख्य विषय रहेको छ।
- एउटै गाउँलाई भोट-हिमालीमूलका विभिन्न भाषाभाषीहरूले आ-आफ्नै प्रकारले अर्थ्याउने र प्रत्येकले आफ्नै अर्थ्याइलाई सही ठान्ने हुँदा कुन चाहिँ अर्थ्याइ ठिक हो भन्न कठिन पर्ने स्थिति छ। त्यसले गर्दा एउटै नाउँका विभिन्न व्याख्यामध्ये कुनै एउटालाई ठिक वा बेठिक नभनी सबैलाई समान्तर रूपले यस प्रबन्धमा प्रस्तुत गरिएको छ।

## १.४. शोधको उद्देश्य

दार्जिलिङ पार्वत्य क्षेत्रका स्थाननामहरूको विस्तारपूर्वक एवम् विधिवत् अध्ययन अधावधि हुन सकेको छैन। तिनको विधिवत् अध्ययन गरिनुपर्ने आवश्यकता बोध गरी त्यस किसिमको अध्ययन पुरा गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ।

दार्जिलिङ पार्वत्य क्षेत्रको भाषिक विशेषता, एउटा भाषामाथि अर्को भाषाको प्रभाव, स्थाननामहरूको संरचना, यहाँ बसोबासो गरिआएका विभिन्न जाति, तिनको संस्कार, भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सामाजिक परिवेश आदि सम्बन्धी तथ्य प्रकाशमा ल्याउनु यस शोधकार्यको अर्को उद्देश्य रहेको छ। यस किसिमको अध्ययनबाट प्राप्त निष्कर्षहरू एउटा शोधप्रबन्धको रूपमा तयार गरी उत्तर-बङ्ग विश्वविद्यालयसमक्ष नेपाली विषयमा विद्यावारिधि उपाधि हेतु प्रस्तुत गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ।

## १.५. शोध-विधि

प्रस्तुत शोधकार्य क्षेत्र-सर्वेक्षण तथा पुस्तकालय अध्ययन विधिको अनुसरण गरी सङ्कलन गरिएका तथ्याङ्कहरूको वस्तुनिष्ठ विश्लेषणद्वारा सम्पन्न गरिएको छ। यस शोधकार्यका लागि आवश्यक सामग्री सङ्कलन दार्जिलिङ पहाडी क्षेत्रका आठवटा खण्ड विकास क्षेत्रमा पर्ने ११२ वटा ग्रामपञ्चायत र चारवटा नगरपालिकाहरूको भ्रमण र सर्वेक्षणबाट ग्रहण गरिएको छ। क्षेत्र-सर्वेक्षण र तथ्याङ्क सङ्कलनका निम्ति विभिन्न खण्ड विकास क्षेत्रको कार्यालयबाट उपलब्ध मानचित्र, जनगणना प्रतिवेदन, अन्तर्वार्ता आदिलाई प्रयोगमा ल्याइएको छ। भाषा

वैज्ञानिक एवम् संरचनात्मक आधारमा तथ्याङ्कहरूको अध्ययन गर्दा वार्णिक, आक्षरिक तथा शाब्दी संरचना, व्याकरणिकता, स्थाननामहरूको मूल रुप, परिवर्तित रुप, परिवर्तनका कारण आदि प्रस्तुत गरिएको छ।

अर्थपरक दृष्टिले तथ्याङ्कहरूको विश्लेषण गर्दा वस्तुविशेषबोधक, ऐतिहासिक घटनामूलक, सांस्कृतिक सन्दर्भसूचक, भूभौतिक तात्पर्यसूचक, सामाजिक सन्दर्भसूचक आदि विविध वर्गमा विभाजन गरी स्थाननामहरूको अध्ययन प्रस्तुत गरिएको छ।

## १.६. पूर्वकार्यको सर्वेक्षण

दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामहरुमाथि गरिएको पूर्वकार्य सम्बन्धमा चर्चा गर्दा **जर्नल अफ् एसियाटिक सोसाइटी अफ् बेङ्गलमा** प्रकाशित एल. ए. वाडेलको 'प्लेस एन्ड रिभर नेम्स इन दार्जिलिङ डिस्ट्रिक्ट एन्ड सिक्किम' सन् १८९१[१] प्रथम कृतिका रुपमा देखापर्दछ। यस लेखमा दार्जिलिङ एवम् सिक्किमका केही स्थाननाम, खोलानाला आदिको भाषावैज्ञानिक, अर्थपरक अध्ययन प्रस्तुत गरिएको छ। यसपछि बेङ्गल गभर्नमेन्ट प्रेस, अलिपुरबाट एल. एस. एस. ओम्यालीको **बेङ्गल डिस्ट्रिक्ट गेजेटियर : दार्जिलिङ** सन् १९०७[२] मा प्रकाशित छ। यसको परिशिष्टमा दार्जिलिङ जिल्लाको पहाडी क्षेत्रका स्थाननामहरूको अर्थमूलक जानकारी प्रस्तुत गरिएको छ। यसो गर्ने क्रममा उपर्युक्त लेखलाई पनि आधार बनाइएको छ।

यसरी नै एच. एच. रिसलेको **'दि गेजेटियर अफ् सिक्किम'** सन् १९२१[३] मा सिक्किमको भौगोलिक विवरणादि प्रस्तुत गर्दा दार्जिलिङ पहाडी क्षेत्रमा पर्ने कतिपय ठाउँ, पहाड-पर्वत आदिको व्युत्पत्तिमूलक अध्ययन छ। यस पुस्तकबाट सिक्किम एवम् दार्जिलिङमा बसोबासो गरिआएका विभिन्न जाति र तिनका भाषिक विशेषता आदिको उद्घाटन भएको पाइन्छ।

यसै क्रममा के. सी. भान्जाले **दार्जिलिङ एट ए ग्लान्स,** सन् १९४१ [४] मा सिक्किम र दार्जिलिङको ऐतिहासिक एवम् वर्णनात्मक पक्षसँगै कन्चनजङ्घा र सगरमाथा अभियानबाट प्राप्त रोमाञ्चक अनुभव व्यक्त गर्दा यहाँको पहाड-पर्वत, गाउँ-ठाउँ, भञ्ज्याङ आदिका नामहरूको पनि अर्थपरक अध्ययन

---

१. एल. ए. वाडेला, 'प्लेस एन्ड रिभर नेम्स इन दार्जिलिङ डिस्ट्रिक्ट एन्ड सिक्किम', **जर्नल अफ् एसियाटिक सोसाइटी अफ् बेङ्गल**, सन् १८९१।

२. एल. एस. एस. ओम्याली, बेङ्गल डिस्ट्रिक्ट गेजेटियर : दार्जिलिङ, निउ देल्ही, लोगोस प्रेस,प्र. सं.,सन् १९०७।

३. एच.एच. रिसले, गेजेटियर अफ् सिक्किम, देल्ही, लो प्राइस पब्लिकेसन, प्र. सं., सन् १९२८।

४. के. सी. भान्जा, दार्जिलिङ एट् ए ग्लान्स, दार्जिलिङ, गिलबर्ट एन्ड करपोरेसन, सन् १९४१।

प्रस्तुत गरेका छन्। उनैको अर्को पुस्तक **वन्डर्स अफ् दार्जिलिङ एन्ड सिक्किम हिमालय,** सन् १९४३[५] मा पनि दार्जिलिङ जिल्लाको उत्तरपूर्व दिशातिर पर्ने केही स्थाननामहरुको सामान्य रुपमा अर्थ खोल्ने प्रयास भएको छ। दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामहरूलाई लिएर गरिएको केही स्फुट कार्यहरु बाहेक आजसम्म विस्तारपूर्वक कुनै गम्भीर एवम् विधिवत् अध्ययन हुन सकेको छैन, यद्यपि चर्चा-परिचर्चा भने भइआएको पाइन्छ।

बेङ्गल गभर्नमेन्ट प्रेसबाट नै प्रकाशित जुल्स ड्यासको **बेङ्गल डिस्ट्रिक्ट गेजेटियर : दार्जिलिङ** सन् १९४७[६] को परिशिष्ट र शब्दानुक्रममा दार्जिलिङ वरपरका कतिपय स्थाननाम, खोलानाला, पहाड-पर्वत आदिलाई विभिन्न भाषामा अर्थ्याउने प्रयास गरिएको छ। स्थाननामहरूको अर्थ प्रस्तुत गर्दा एल. ए. वाडेलकै विश्लेषण पद्धति अनुसरण गरिएको देखिन्छ।

दार्जिलिङ पहाडी क्षेत्रलगायत यसका तराई क्षेत्रका केही स्थाननामहरुमाथि सामान्य अध्ययन प्रस्तुत गरिएको अर्को कृति राहुल सांकृत्यायनको **दोर्जेलिङ परिचय,** सन् १९५०[७] हो। यस ग्रन्थमा पनि स्थाननामहरुको हिन्दी, तिब्बती र संस्कृत आदि भाषाबाट अर्थ केलाउने प्रयास गरिएको छ। यसरी नै जी. छिरिङको **लाप्चे जातिको संक्षिप्त परिचय,** सन् १९७१[८] नामक ग्रन्थमा लेप्चा जातिको व्युत्पत्ति, थर, गोत्र आदि केलाउने क्रममा लेप्चा भाषाका एकाध स्थाननामहरुको अर्थ खोल्ने प्रयास भएको छ।

दार्जिलिङ पहाडी क्षेत्रकै नागरी उपत्यकाको ऐतिहासिक, भौगोलिक विवरण प्रस्तुत गरिएको अर्जुन प्रधानको **गढीदेखि मन्दिरसम्म,** सन् १९७२[९] मा यहाँका स्थाननामहरुको संरचना र व्युत्पत्ति आदिको अध्ययन प्रस्तुत छ। यस ग्रन्थमा स्थाननामहरूलाई लिएर थेरथोर कार्य भएको पाइन्छ। यसै वर्ष प्रकाशित पिटर जे. कार्थकको **प्रत्येक ठाउँ प्रत्येक मान्छे,** सन् १९७२[१०] मा पनि स्थाननामहरुको जानकारीसँगै तिनलाई कहीं कतै अर्थ्याउने प्रयास भएको छ। सत्तरकै दशकमा देखिएको दशरथ फागुको **यो वर्तमान त्यो संस्मरण,** सन् १९७३ लिम्बू जातिको वंशावली रेखाचित्र एवम् संस्कार आदिको परिचय दिने कृति हो, यद्यपि यस कृतिको दोस्रो खण्ड **त्यो संस्मरण**अन्तर्गत लिम्बू शब्दको व्युत्पत्तिसँगै लोधोमा ग्रामपञ्चायतअन्तर्गत पर्ने कतिपय स्थाननामहरुको लिम्बू भाषाबाट अर्थ निकालिइएको पाइन्छ। दार्जिलिङ पहाडी क्षेत्रका स्थान, खोला-नाला, पहाड-पर्वत आदिलाई लिएर अठारौं शताब्दीदेखि नै अध्ययन कार्य सुरु भए

---

५. के. सी. भान्जा, **वन्डर्स अफ् दार्जिलिङ एन्ड सिक्किम हिमालय,** कलकत्ता, लेखकद्वारा प्रकाशित, सन् १९४३।
६. आर्थर जुल्स ड्यास, **बेङ्गल डिस्ट्रिक्ट गेजेटियर : दार्जिलिङ,** अलिपुर, बेङ्गल गभर्नमेन्ट प्रेस, सन् १९४७।
७. राहुल सांकृत्यायन, **दोर्जेलिङ परिचय,** कलकत्ता, श्री परमानन्द पोद्दारद्वारा प्रकाशित, प्र. स., सन् १९५०।
८. जी. छिरिङ,**लाप्चे जातिको संक्षिप्त परिचय,** दार्जिलिङ, श्याम प्रकाशन, प्र. सं., सन् १९७१.।
९. अर्जुन प्रधान, **गढीदेखि मन्दिरसम्म,** सिलगढी, सुमेरु प्रेस, प्र. सं., सन् १९७२।
१०. पिटर जे. कार्थक, **प्रत्येक ठाउँ प्रत्येक मान्छे,** काठमाडौं, साझा प्रकाशन, प्र. सं., सन् १९७२।

तापनि व्यापक रूपमा भने यस विषयमा विशेष कार्य भएको पाइन्न।

बेङ्गल गभर्नमेन्ट प्रेसबाट नै प्रकाशित डा. बरुण डे अनि अन्यका सम्पादनमा सम्पादित **वेस्ट बेङ्गल डिस्ट्रिक्ट गेजेटियर : दार्जिलिङ**,सन् १९८०[११] को शब्दानुक्रमभित्र दार्जिलिङ जिल्लामा देखापर्न आएका कतिपय गाउँ-ठाउँ, खोला-नाला, पहाड-पर्वत आदिको अर्थ अभिव्यक्तिमा एल. ए. वाडेलकै लेखलाई आधार बनाइएको छ।

यसै दशक देखापरेको कुमार प्रधान लिखित **पहिलो प्रहर**, १९८२[१२] मा दार्जिलिङको ऐतिहासिक अध्ययन प्रस्तुत गर्दा 'नागरी' स्थाननामको व्युत्पत्तिमूलक अर्थ प्रस्तुत गरिएको छ। यसरी नै के. पी. तामसाङको **दि अननोन एन्ड अनटोल्ड रियलिटी एबाउट दि लेप्चाज**, सन् १९८३ [१३] ले लेप्चा जाति, तिनको समाज, संस्कृति, भाषा आदिमाथि चर्चा गर्दा एकाध लेप्चा भाषाका स्थाननामहरूमाथि पनि सामान्य अध्ययन प्रस्तुत गरेको पाइन्छ।

दार्जिलिङमा स्थापित होटल, चियाबारी एवम् तिनका संस्थापक, सडक निर्माण, बसोबासो गरिआएका विभिन्न जाति आदि सम्बन्धमा जानकारी दिने फ्रेड पिन लिखित **दि रोड अफ् डेस्टिनी:दार्जिलिङ लेटर्स**, सन् १९८६ [१४] मा पनि एकाध स्थाननामहरुको अर्थ व्यक्त भएको छ।

यसै दशकमा देखा परेको ए. आर. फोनिङको **लेप्चाज माइ भेनिसिङ ट्राइब**, सन् १९८७[१५] लेप्चा जातिको बसोबासो, धर्म, सामाजिक आचार-विचार, रीतिथिति, स्वभाव, वंशज विवरण, भाषा आदि सम्बन्धमा जानकारी दिने अर्को कृति हो। यस कृतिमा लेप्चा जातिको भाषा, संस्कृति आदि सम्बन्धमा चर्चा गर्दा एकाध स्थाननामहरुको लेप्चा भाषामा अर्थ निकाल्ने प्रयास गरिएको छ।

लेप्चा जातिकै भाषा, सभ्यता, संस्कृति आदिमाथि अध्ययन गरिएको आर. एन. ठाकुरको **हिमालयन लेप्चाज**, सन् १९८८[१६] मा पनि दार्जिलिङ र सिक्किमको नामकरण लगायत क्षेत्रका एकाध स्थाननामहरुको भाषातात्त्विक अध्ययन गरिएको छ।

यसै दशकमा देखापरेको जहर सेन कृत **दार्जिलिङ ए फेभर्ड रिट्रिट**, सन् १९८९ [१७] मा भने यहाँका

---

११. बरुण डे. अनि अन्य (सम्पा.), **बेङ्गल डिस्ट्रिक्ट गेजेटियर : दार्जिलिङ**., सन् १९८०।

१२. कुमार प्रधान, **पहिलो प्रहर**, दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन, प्र. सं., सन् १९८२।

१३. के. पी. तामसाङ, **दि अननोन एन्ड अनटोल्ड रियलिटी एबाउट दि लेप्चाज**, कालिम्पोङ, ल्याङसोङ तामसाङद्वारा प्रकाशित, प्र. सं., सन् १९८५।

१४. फ्रेड पिन, **दि रोड अफ् डेस्टिनी : दार्जिलिङ लेटर्स**, कलकत्ता, अक्सफोर्ड युनिभर्सिटी प्रेस, प्र. सं., सन् १९८६।

१५. ए. आर. फोनिङ, **लेप्चाज माइ भेनिसिङ ट्राइब**, देल्ही, स्टर्लिङ पब्लिकेसन्स प्रा. लि., प्र. सं., सन् १९८७।

१६. आर. एन. ठाकुर, **हिमालयन लेप्चाज**, निउ देल्ही, आरकाइब पब्लिसर्स, प्र. सं., सन् १९८८।

१७. जहर सेन, **दार्जिलिङ ए फेभर्ड रिट्रिट**, निउ देल्ही, इन्दस पब्लिसिङ कम्पनी, प्र. सं., सन् १९८९।

स्थाननामहरूको तिब्बती, नेपाली, लेप्चा, बङ्गाली आदि भाषाहरूमा अर्थ प्रस्तुत गरिएको छ। यसबाहेक देवप्रकाश खवास र जयेन्द्र गुरुङको सम्पादनमा निस्किएको **दार्जिलिङका केही तीर्थस्थानहरू**[१८] मा क्षेत्रमा देखापरेका मन्दिर, धाम आदिको जानकारी दिँदा स्थाननामको पनि सामान्य अर्थ केलाइएको पाइन्छ।

पर्यटकहरूका निम्ति आकर्षक स्थल दार्जिलिङ, सिक्किम, भुटान आदि क्षेत्रहरूमा भ्रमण गर्न आउने पर्यटकहरूका मार्गदर्शन हेतु रचना गरिएका पुस्तकहरू प्रशस्त भेटिन्छन्। जहाँ कहीँ न कहीँ एकाध स्थाननामहरूको व्युत्पत्तिमूलक अर्थ व्यक्तभएको पाइन्छ। यस थरीका पुस्तकहरूमध्ये वर्माको **सिक्किम, दार्जिलिङ, भुटान ए गाइड एन्ड ह्यान्ड बुक**, सन् १९९०[१९] एउटा हो। यसरी नै ए. पी. अग्रवालको **टुरिस्ट गाइड टु कालिम्पोङ**, सन् १९९९[२०] मा पनि यहाँका स्थाननामहरूमाथि सामान्य अध्ययन भएको पाइन्छ।

जेफरी, शान्ति र जुद्ध प्रसाद वैद्यको सम्पादनमा प्रकाशित **दि लेप्चाज अफ् नेपाल**, सन् २०००[२१] नामक पुस्तक इलामको लेप्चा जाति र स्थाननामहरूको अध्ययन गरिएको कृति हो। यस पुस्तकमा चर्चा गरिएको स्थाननामहरू दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामहरूसित पनि धेरथोर मेल खान गएको पाइन्छ। आकारले सानो र पात्लो भए तापनि दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामहरूको अध्ययनमा यो पुस्तक उपयोगी सिद्ध छ।

:यिनै ताक जयगाउँबाट प्रकाशित सोनाम बी. वाङ्गेलको **सिक्किम एन्ड दार्जिलिङ:डिभिजन एन्ड डिसेप्सन**, सन् २००२[२२] प्रकाशित देखिन्छ। सिक्किम र दार्जिलिङको राजनैतिक एवम् प्रशासनिक व्यवस्था आदिको विवरण प्रस्तुत गरिएको यस पुस्तकमा सिक्किम, दार्जिलिङ, कालेबुङ र खरसाङको व्युत्पत्तिमूलक अर्थ प्रस्तुत गरेको पाइन्छ।

यसै वर्ष प्रकाशित कमल चन्द्र राईको **सम्झनालाई संगाली लैजाँदा**, सन् २००२[२३] देखापरेको पाइन्छ। यस ग्रन्थमा दार्जिलिङका प्रतिष्ठित व्यक्ति, प्राकृतिक वातावरण, ऐतिहासिक घटना, नगरपालिका सञ्चालन कर्ता, चियाबगानका संस्थापक आदिको संस्मरणात्मक विवरण प्रस्तुत गरिएको छ, यद्यपि यस

---

१८. देवप्रकाश खवास र जयेन्द्र गुरुङ (सह सम्पा.), **दार्जिलिङका केही तीर्थस्थानहरू**, दार्जिलिङ, पामोनिसस पब्लिसर्स हाउस, प्र. सं., सन् १९९२।

१९. राजेश वर्मा, **सिक्किम, दार्जिलिङ, भुटान ए गाइड एन्ड ह्यान्डबुक**, निउ देल्ही, सुनिल बर्माद्वारा प्रकाशित, प्र. सं., सन् १९९०।

२०. ए. पी. अग्रवाल, **टुरिस्ट गाइड टु कालिम्पोङ**, निउ देल्ही, नेस्ट एन्ड विङ्स प्रकाशन, सन् १९९९।

२१. जेफरी, शान्ति र जुद्ध प्रसाद वैद्य, **दि लेप्चाज अफ् नेपाल**, काठमाडौं, उदय बुक्सद्वारा प्रकाशित, प्र. सं., सन् २०००।

२२. सोनाम बी. वाङ्गेल, **सिक्किम एन्ड दार्जिलिङ:डिभिजन एन्ड डिसेप्सन**, जयगाउँ, हार्डकभर एन्ड पेपरवर्क पब्लिकेसन, प्र. सं., सन् २००२।

२३. कमलचन्द्र राई, **सम्झनालाई सङ्गाली लैजाँदा**, दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन, सन् २००२।

पुस्तकको माझ-माझमा दार्जिलिङ वरपरका स्थाननामहरूको अर्थ केलाउने प्रयास भएको पाइन्छ। यसरी नै सञ्जय विश्वास र वरुण रोयद्वारा सम्पादित **फलन सिकाडा,** सन् २००३[२४] को 'नोमेनक्लेचर अफ् प्लेसेस एन्ड ट्राइब' नामक अध्यायमा दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामहरूको भाषावैज्ञानिक, अर्थपरक अध्ययन पाइन्छ जुन अध्यायले यहाँका स्थाननामहरूको अध्ययनमा केही सहयोग प्रदान गर्दछ।

सिक्किमबाट प्रकाशित पूर्ण राईको पुस्तक **सिन्कोनाको खेती,** सन् २००३[२५] ले पनि यहाँका स्थाननामहरूको अध्ययनमा धेरथोर सहयोग पुऱ्याउँदछ।

यस पुस्तकभित्र सङ्कलित 'कुलैनबारीसित सम्बन्धित गाउँ बस्तीको नाम-शाब्दिकार्थ खोजाइ' लेखले दार्जिलिङका स्थाननामहरूको विशेष अध्ययन प्रस्तुत गर्दछ।

यसै क्रममा विनोद कुमार छेत्रीको **समयका पृष्ठहरुबाट,** सन् २००४[२६] नामक कृतिले पनि दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामहरूको अध्ययन गर्ने प्रणालीमा सहयोग पुऱ्याएको पाइन्छ। यस निबन्धात्मक कृतिमा खरसाङ वरपरका स्थानहरु, चियाबारी आदिका नामकरणको ऐतिहासिक अध्ययन, अर्थपरक विवरण आदि छ।

खरसाङबाट प्रकाशित वसन्त बी. लामाको **थ्रु दि मिस्ट्स अफ् टाइम:दि स्टोरी अफ् दार्जिलिङ,** सन् २००८[२७] मा भने दार्जिलिङको व्युत्पत्ति केलाउँदा विभिन्न भाषाहरुमा दार्जिलिङको अर्थ व्यक्त भएको छ।

यसबाहेक मिति नै उल्लेख नगरिएका कतिपय प्रकाशित ग्रन्थ, पत्रिका आदिमा पनि यहाँका स्थाननामहरूको सामान्य अध्ययन प्रस्तुत गरिएको पाइन्छ।

यस्ता कृतिहरुमध्ये के. पी. तामसाङको **ए स्टडी अफ् दि ओरिजिनल लेप्चा नेम्स अफ् प्लेसेस अफ् सिक्किम एन्ड दार्जिलिङ,** मुस्करा फरिदि र पासाङ दोर्जी लेप्चाको सह-सम्पादनमा प्रकाशित **एरिया एन्ड इस्यु प्रोफाइल अफ् दार्जिलिङ**[२८], दार्जिलिङ सरकारी महाविद्यालयका प्राध्यापकगणद्वारा सम्पादित र प्रकाशित आवर **भोइसेस**[२९], दिलबहादुर गुरुङको दार्जिलिङका पुर्खाहरुको इतिहास खोजी

---

२४. सञ्जय विश्वास र बरुण रोय, **फलन सिकाडा**, दार्जिलिङ, सिस्टमेटिक कम्प्युटरराइज अफ्सेट प्रिन्टर्स, सन् २००३।

२५. पूर्ण राई, **सिन्कोनाको खेती** (पुराना कुरा), काठमाडौं, भुँडी प्रकाशन, प्र. सं., वि.सं. २०६२।

२६. विनोद कुमार छेत्री, **समयका पृष्ठहरु**, सिलगढी, निशान्त प्रिन्टिङ प्रेस, सन् २००४।

२७. वसन्त बी. लामा, **थ्रु दि मिस्ट्स अफ् टाइम; दि स्टोरी अफ् दार्जिलिङ**, करसियोङ, भवानी अफ्सेट प्रिन्टिङ एन्ड पब्लिकेसन, सन् २००८।

२८. मुस्करा फरिदि र पासङ दोर्जी लेप्चा(सम्पादकद्वय), **एरिया एन्ड इसु प्रोफाइल अफ् दार्जिलिङ**, दार्जिलिङ, आर. सी. डी. हेडेन हल, मिति अनुल्लिखित।

२९. नन्दलाल चक्रवर्ती र अन्य (सम्पा), **आवर भोयसेस**, दार्जिलिङ, अचेरद्वारा प्रकाशित, मिति अनुल्लिखित।

निकालिएको कृति **खोजी दार्जिलिङ** [३०], ओ. टी. लेप्चा गौलोकको **विकृतिको रूपमा बाँचेका लेप्चा नामकरण**[३१] आदि छन्।

यी पुस्तकहरूमा दार्जिलिङ र यसका केही स्थाननामहरूको अर्थ केलाउने प्रयास भएको छ। यसका साथै दार्जिलिङ पहाडी क्षेत्रका चियाबारीहरूसित सम्बन्धित विभिन्न कम्पनीहरूबाट पनि समय समयमा प्रकाशित पर्चाहरूमा चियाबारी र त्यसको नामकरणसित सम्बन्धित ऐतिहासिक, अर्थपरक अध्ययन देखापरेको पाइन्छ। यस्ता पर्चाहरूका एकाध उदाहरणका रूपमा **ए ब्रिफ ओभरभिउ**[३२], **निउज लेटर, सम प्लेस नेम्स इन दार्जिलिङ** [३३] आदि राख्न सकिन्छ। उक्त थरीका पुस्तक-पुस्तकादिमा झैं विभिन्न समयमा प्रकाशित पत्र-पत्रिका, स्मारिका, समाचार-पत्र आदिमा पनि दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामहरूप्रति रुचि राख्ने लेखक, अनुसन्धानकर्ता, अध्येता आदिबाट विभिन्न थरीका रचनादि प्रकाशित छन्।

यस्ता पत्र-पत्रिकाहरूमध्ये **बेङ्गल पास्ट एन्ड प्रेजेन्ट**, सन् १९३२[३४] नामक जर्नलको 'दार्जिलिङ इन १८४१', नामक लेखले तत्कालीन दार्जिलिङको परिवेश, दार्जिलिङमा स्थापित विभिन्न भवनादिको विवरणसँगै स्थाननामको पनि सामान्य अध्ययन प्रस्तुत गर्दछ। यसरी नै जे. एन. बेनर्जीको प्रधान सम्पादकीयमा प्रकाशित **दि आसाम रिभ्यु एन्ड दि टि निउज** सन् १९६३[३५] मा दार्जिलिङ पहाडी क्षेत्रका एकाध चियाबारीका नामकरणको विवरणात्मक अध्ययन छ।

दार्जिलिङबाट प्रकाशित जोनाथन थापाको सम्पादनमा निस्किएको **दीयो** मासिक पत्रिका सन् १९६८[३६] मा सङ्कलित कुमार प्रधानको **दार्जिलिङको इतिहास** नामक लेखले पनि दार्जिलिङको नामकरणको ऐतिहासिक र अर्थपरक अध्ययन प्रस्तुत गर्दछ।

पत्र-पत्रिकाकै सन्दर्भमा चर्चा गर्दा विरही काइँलाको सम्पादनमा प्रकाशित **हाम्रो चियाबारी**, सन् १९८८[३७] मा सङ्कलित 'दार्जिलिङको चिया' नामक लेखले भने चियाबारीको नामकरणको इतिहाससँगै

---

३०. दिलबहादुर गुरुङ, **खोजी दार्जिलिङ**, मिरिक, दिलबहादुर गुरुङद्वारा प्रकाशित, मिति अनुल्लिखित।

३१. ओ. टी. लेप्चा गौलोक, **विकृतिको रुपमा बाँचेको लेप्चा नामकरण**, इस्ट सिक्किम, मिति अनु.।

३२. **ए ब्रिफ ओभरभिउ**, कलकत्ता, चामुङ, टि. एक्सपर्ट प्रा. लि., मिति अनु.।

३३. **निउज लेटर**, 'सम प्लेस नेम्स इन दार्जिलिङ', कलकत्ता, करिट मोरन एन्ड को प्रा. लि., मिति अनु.।

३४. **बेङ्गल पास्ट एन्ड प्रेजेन्ट**, जर्नल अफ् दि कलकत्ता हिस्टरिकल सोसाइटी, खण्ड XLIV, सन् १९३२।

३५. जे. एन बेनर्जी, **दि आसम रिभ्यु एन्ड दि निउज**, अङ्क १.१०, खण्ड ५२, कलकत्ता, सन् १९६३।

३६. जोनाथन थापा (सम्पा.), **दीयो**, वर्ष १३, अङ्क ८, पुरानो दार्जिलिङ विशेषाङ्क, दार्जिलिङ, जीवन ज्योति प्रकाशन, सन् १९६८।

३७. विरही काइँला (सम्पा), **हाम्रो चियाबारी**, वर्ष १३, अङ्क ८, दार्जिलिङ, ज्योति प्रकाशन, सन् १९८८।

स्थाननामको अर्थ केलाउने प्रयास गरेको पाइन्छ ।

भीम प्रधान र पासाङ छिरिङको सम्पादकीयमा देखापरेको **दामसाङ गढी** सन् १९९०[३८] सामयिक पत्रिकाले पनि स्थाननाम अध्ययनको क्षेत्रमा सामान्य सहयोग पुऱ्याउँदछ। यस पत्रिकामा सङ्कलित गोकुल सिन्हाको 'नामको निर्णय होस्' नामक लेखमा दार्जिलिङ एवम् दामसाङ गढी दुई स्थाननामहमरुको हिज्जे, उच्चारण र अर्थ केलाउने प्रयास गरेका छन्।

अजितेस भट्टाचार्यको सम्पादनमा देखापरेको **मधुपर्नी** सन् १९९६[३९] जलपाइगढीबाट प्रकाशित बङ्गला पत्रिका हो। यस पत्रिकाको दार्जिलिङ जिल्ला सङ्ख्यामा रतन विश्वासले दार्जिलिङका एकाध स्थाननामहरुको अध्ययन प्रस्तुत गरेका छन्।

नब्बेको दशकमा देखापर्न आएको दैनिक समाचार पत्र **सुनचरी**, सन् १९९७ मा प्रकाशित मिङ लिवाङको 'दामसाङगढी र लेप्चा जाति' नामक लेखमा कालेबुङ क्षेत्रका केही स्थाननामहरुको अर्थ प्रस्तुत गरेको पाइन्छ।

यसै वर्षको नोभेम्बर महिनामा प्रकाशित खरसाङे भाइको 'मेरो प्यारो खरसाङ', सन् १९९७[४०] नामक लेखमा खरसाङको उच्चारण, हिज्जे, उत्पत्ति आदि सम्बन्धी जानकारी पाइन्छ। **सुनचरी**भित्र नै दार्जिलिङको सेरोफेरो खण्डमा सङ्कलित 'खरसाङको दुर्पीन डाँडा', ३ मार्च १९९८ [४१] ले पनि एकाध स्थाननामहरुको भाषावैज्ञानिक अध्ययन प्रस्तुत गर्दछ। यसरी नै **सुनचरी** समाचार पत्रभित्र नै प्रकाशित के. पी. मल्लको 'सिटोङको समस्या', अगस्त १९९८[४२] एवम् 'मार्चेबुङ मास्तिर' सितम्बर १९९८[४३] लगायत विजय प्रधानको 'तकभरः एक झलक एवम् केही प्रतिभा परिचय' नोभेम्बर १९९८[४४] ले दार्जिलिङ पहाडी क्षेत्रका विभिन्न स्थाननामहरुको व्युत्पत्ति र अर्थ प्रस्तुत छ।

**सुनचरी** समाचार पत्रमा नै देखापरेको प्रशान्त आचार्यको 'बिलुप्तिन लागेको ऐतिहासिक स्थल लोहागढ', मार्च १९९९[४५] मा लोहागढको इतिहाससँगै क्षेत्रको नामकरण सम्बन्धमा सामान्य जानकारी दिइएको छ।

यसै पत्रिकाको चिट्ठी चपेटामा सङ्कलित कृबु संयमीको आइतबारे खण्डमा प्रकाशित 'एउटा यात्रा

---

३८. भीम प्रधान र पासाङ छिरिङ सेर्पा (सम्पा.), **दामसाङ गढी**, अङ्क २, दार्जिलिङ, सूर्य प्रधानद्वारा प्रकाशित, सन् १९९०।

३९. अजितेस भट्टाचार्य, **मधुपर्नी**, वर्ष ३, दार्जिलिङ जिल्ला सङ्ख्या, कलकत्ता, सन् १९९६।

४०. खरसाङे भाइ, 'मेरो प्यारो खरसाङ', कुमार प्रधान (प्र.सम्पा.), **सुनचरी**, सिलगढी, सन् १९९७।

४१. अर्जुन प्रधान, 'खरसाङको दुर्पीन डाँडा', पूर्ववत्, सन् १९९८।

४२. के. पी. मल्ल, 'सिटोङको समस्या', पूर्ववत्, सन् १९९८।

४३. के. पी. मल्ल, 'मार्चेबुङ मास्तिर', पूर्ववत्, सन् १९९८।

४४. विजय प्रधान, 'तकभरः एक झलक एवम् केही प्रतिभा परिचय', पूर्ववत्, सन् १९९८।

४५. प्रशान्त आचार्य, 'बिलुप्तिन लागेको ऐतिहासिक स्थल लोहागढ', पूर्ववत्, सन् १९९८।

सदामेदेखि माङ्लेसम्म', अगस्त १९९९[४६], विनोद शर्माको पहाडको सेरोफेरोमा प्रकाशित 'फाटक डाँडा अनि इतिहासले भुल्न लागेको खरसाङको चानबारी मैदान', नोभेम्बर १९९९[४७] आदिले क्षेत्रसित सम्बन्धित भौगोलिक, ऐतिहासिक पक्षसँगै यहाँका एकाध स्थाननामहरूको पनि अर्थ व्यक्त छ।

यी लेखहरूमध्ये कृबु संयमीको लेख सिक्किमेली क्षेत्रसित सम्बन्धित रहे तापनि दार्जिलिङका कतिपय स्थाननामहरू सिक्किमका स्थाननामहरूसित धेरथोर मेल खाने हुँदा तिनको व्याख्या र विश्लेषण यहाँका स्थाननामहरूको अध्ययनमा पनि उपयोगी रहेको पाइन्छ। यस लेखमा उनले स्थाननामहरूको परिवर्तित रूप, व्युत्पत्ति आदि देखाउन खोजेका छन्। **सुनचरी**कै 'पहाडको सेरोफेरो' खण्डमा प्रकाशित पी. एस. थापाको लेख 'कालेबुङ मेलाटारको उत्पत्तिको कथा', मई २०००[४८] ले मेलाटारको नामकरणको इतिहास प्रस्तुत गर्दछ। यसरी नै एन. टी. लामाको लेख 'पेदोङ वरिपरि पर्यटन केन्द्रहरूको सम्भावना', नोभेम्बर २०००[४९] मा पनि कालेबुङ क्षेत्रका पर्यटक स्थलहरूको चर्चासँगै स्थाननामहरूको अर्थ व्यक्त छ।

एस. एम. बस्नेतको 'सदामको तारेभिरः एक दृष्टिकोण', मई २०००[५०] **सुनचरी**मा प्रकाशित अर्को लेख हो।

यस लेखमा भने बिजनबारी उपत्यकाको तारेभिर स्थाननामको अर्थ प्रस्तुत छ। यसै क्रममा **सुनचरी**को 'आइतवारे' खण्डमा सङ्कलित दीपक तिवारीको 'पाण्डाम यात्रा र ऐतिहासिक पाण्डाम गढी', अप्रेल २००१[५१] मा पाण्डामको ऐतिहासिक तथ्यसँगै स्थाननामको अर्थ राखिएको छ।

यसरी नै सन्त बी. गुरुङको 'निमबोङको सेरोफेरो', सन् २००२[५२], एल. डी. मोक्तानको 'खरसाङदेखि सेल्पु हुँदै लाठसम्म', जुलाई २००२[५३], एस. एम. बस्नेतकै 'मुमराङ लुङचोक-सुम्बुकः एक विहङ्गम दृष्टि' अक्टोबर २००२[५४] आदिमा यहाँका एकाध स्थाननामहरूको व्युत्पत्ति केलाउने प्रयास भएको छ।

रनबहादुर रुचालको सम्पादनमा निस्किएको **प्रतिभाकाश** नामक त्रैमासिक पत्रिकामा सङ्कलित रनबहादुर रुचालकै लेख 'मिरिकको संक्षिप्त इतिहास', सन् २००३[५५] प्रकाशित छ। यस लेखमा उनले

---

४६. कृबु संयमी, 'एउटा यात्रा सदामदेखि माङ्लेसम्म', कुमार प्रधान (प्र.सम्पा.), सुनचरी, सिलगढी, सन् १९९९।
४७. विनोद शर्मा, 'फाटक डाँडा अनि इतिहासले भुल्न लागेको खरसाङको चानबारी मैदान,' पूर्ववत्, सन् १९९०।
४८. पी. एस. थापा, 'कालेबुङ मेलाटारको उत्पत्तिको कथा', पूर्ववत्, सन् २०००।
४९. एन. टी. लामा, 'पेदोङ वरिपरि पर्यटन केन्द्रहरूको सम्भावना', पूर्ववत्, सन् २०००।
५०. एस. एम. बस्नेत, 'सदामको तारेभिरः एक दृष्टिकोण', पूर्ववत्, सन् २०००।
५१. दीपक तिवारी, 'पाण्डाम यात्रा र ऐतिहासिक पाण्डाम गढी', पूर्ववत्, सन् २००१।
५२. सन्त बी. गुरुङ, 'निम्बोङको सेरोफेरो', पूर्ववत्, सन् २००२।
५३. एल. डी. मोक्तान, 'खरसाङदेखि सेल्पु हुँदै लाठसम्म', पूर्ववत, सन् २००२।
५४. एस. एम. बस्नेत, 'मुमराङ लुङचोक सुम्बुकः एक विहङ्गम दृष्टि', पूर्ववत्, सन् २००२।
५५. रनबहादुर रुचाल (सम्पा.), **प्रतिभाकाश**, वर्ष १, अङ्क ३, मिरिक, सन् २००३।

मिरिकको ऐतिहासिक पक्ष प्रस्तुत गर्दा यहाँका स्थाननामहरूको अध्ययन छ।

यसरी नै शरण शर्माको सम्पादनमा प्रकाशित **हाम्रो चियाबारी** समसामायिक पत्रिकामा एन. एन. प्रधानको लेख 'कुमाई चियाबारी र यसको अवस्था', सन् २००३[५६] मा कुमाई चियाबारीका नामकरणमाथि आफ्नो विचार व्यक्त गरेका छन्।

सन् २००३ को **सुनचरी** दैनिक समाचार पत्रमा देखापरेका विभिन्न लेखहरूले यहाँको स्थाननाम अध्ययनको क्षेत्रमा आंशिक सहयोग प्रदान गर्दछ।

**सुनचरी**मा प्रकाशित प्रवीण खालिङद्वारा लिखित 'समकालीनहरूलाई भेट्ने धुनमा मङ्पूदेखि मामरिङसम्म', जनवरी २००३[५७], अर्जुन रामुदामुको 'तकदा चियाबारीको आत्मचित्रण', फरवरी २००३[५८], अमर प्रकाश हिम्मालको 'इतिहासको खोजमा दोर्जेलिङ', मार्च २००३[५९], एस. एम. बस्नेतको 'टिस्टा-रंगीतको संगम स्थल:त्रिवेणी', मार्च २००३[६०], अर्जुन प्रधानको 'रमणीय चियाबारी तकदा जाऔं', अप्रेल २००३[६१], राजेश लामगादेको 'फुवागढी चियाबारीको इतिहास- पहिले अनि अहिले', अप्रेल २००३[६२] आदि लेखहरूमा दार्जिलिङको इतिहाससँगै यहाँका चियाबारी, पर्यटक स्थल आदि सम्बन्धमा जानकारी प्रस्तुत छ। यी लेखहरुमा दार्जिलिङ पहाडी क्षेत्रमा देखापरेका चियाबारीहरुको नाम र तिनको व्युत्पत्ति केलाउने प्रयास भएका छन्।

यसरी नै दोर्जी हुलुङ्मू रुमकप रोङकुपको 'दार्जिलिङ जिल्लाका स्थान नामकरणमा लेप्चा अर्थ खोज्दा', २००३[६३] लेखमा पनि दार्जिलिङ पहाडी क्षेत्रमा देखापर्ने लेप्चा स्थाननामहरुको अर्थपरक अध्ययन छ। यसरी नै महानन्द पौड्यालको 'कालिम्पोङ कि कालेबुङ?' नोभेम्बर २००३[६४] र पं. गम्भीर राई अग्निहोत्रीको 'मेलाटार, कालेबुङ र कालिम्पोङ दुवै विकृत नाउँ अनि मेलाटार सही नाउँ' २००३[६५] आदि लेखहरुले स्थाननाम अध्ययनको क्षेत्रमा देखापर्न आएको समस्यामूलक पक्षादिलाई प्रस्तुत गरेको पाइन्छ।

दार्जिलिङ पहाडी क्षेत्रकै चियाबारी, प्राकृतिक सौन्दर्यले भरिएको वातावरण, परिवेश आदि सम्बन्धमा

---

५६. एन. एन. प्रधान, **हाम्रो चियाबारी**, 'कुमाई चियाबारी र यसको अवस्था', प्रवेशाङ्क, दार्जिलिङ, सन् २००३।
५७. प्रवीण खालिङ, 'समकालीनहरुलाई भेट्ने धुनमा मङ्पूदेएखि मामरिङसम्म', **सुनचरी**, सन् २००३।
५८. अर्जुन रामुदामु, 'तकदा चियाबारीको आत्मचित्रण', पूर्ववत्, सन् २००३।
५९. अमर प्रकाश हिम्माल, 'इतिहासको खोजमा-दोर्जेलिङ', पूर्ववत्, सन् २००३।
६०. एस. एम. बस्नेत, 'टिस्टा-रंगीतको संगम स्थल: त्रिवेणी', पूर्ववत्, सन् २००३।
६१. अर्जुन प्रधान, 'रमणीय चियाबारी तकदा जाऔं', पूर्ववत्, सन् २००३।
६२. राजेश लामगादे, 'फुवागढी चियाबारीको इतिहास पहिले र अहिले', पूर्ववत्, सन् २००३।
६३. दोर्जी हुलुङ्मू रुपकप, 'दार्जिलिङ जिल्लाका स्थान-नामकरणमा लेप्चा अर्थ खोज्दा', पूर्ववत्, २००३।.
६४. महानन्द पौड्याल, 'कालिम्पोङ कि कालेबुङ', पूर्ववत्, २००३।
६५. गर्म्भीर राई अग्निहोत्री,'मेलाटार: कालेबुङ र कालिम्पोङ दुवै विकृत नाउँ अनि मेलाटार सही नाउँ',पूर्ववत्, सन् २००३।

जानकारी दिँदा क्षेत्रसित सम्बन्धित चियाबारी, गाउँ-ठाउँ आदिको नामकरण सम्बन्धमा पनि जानकारी दिने लेखहरुका रुपमा के. बी. मोक्तानको 'छोटा गेल र यसको वरिपरि', दिसम्बर २००३[६६], बी. एम. लिङदेनको लेख 'फुवागढीको इतिहास खोज्दै त्यसकै वरिपरि चहार्दा', दिसम्बर २००३[६७], एस. के. घिसिङको 'सौन्दर्यका पारखीहरुदेखि अदृश्य रहेको प्रेमपुजारी डाँडा', २००३[६८] आदि देखापरेका छन्।

**सुनचरी** समाचार पत्रमा नै देखापर्न आएको निरज अयोग्यको 'लङ्कु छोटो परिचय', सन् २००४[६९], मेघनाथ राईको 'रेलिङ बस्ती र वरिपरिको संक्षिप्त इतिहास', सन् २००४[७०], सोनाम चुक्छेको 'सुन्दरी बस्ती छोटो परिचय', सन् २००४[७१], विकास कार्कीको 'हिलकार्ट रोड कि तेन्जिङ नोर्गे सडक?', २००४[७२] आदि लेखहरूमा खरसाङ, बिजनबारी उपत्यका आदिका स्थाननामहरूसित सम्बन्धित किंवदन्ती, लोककथा, स्थाननामको परिवर्तित रुप, अर्थ आदिको उद्घाटन भएको छ।

**सुनचरी** समाचार पत्रकै प्रतिक्रिया सुझाउ खण्डमा प्रकाशित अम्बिका प्रधानको 'रिम्बिक वरदान कि अभिशाप?', जुलाई २००४[७३], जे. योञ्जन लामाको 'ओल्ड गोर्खा स्टेसन', सेप्टेम्बर २००४[७४], कृष्ण देवानको 'इतिहासको पृष्ठभित्र रेलिङका केही व्यक्तिहरू', नोभेम्बर २००४[७५], एम. एम. गुरुङको 'मिरिकको कथा', दिसम्बर २००४[७६] आदि लेखहरुमा पनि दार्जिलिङ पहाडी क्षेत्रका मिरिक, रेलिङ, रिम्बिक आदि क्षेत्रका स्थाननामहरु तिनको भूत, वर्तमान रुप, तिनको ऐतिहासिक पक्ष आदिमाथि चर्चा परिचर्चा गरिएको छ।

दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामका अध्ययनमा पत्र-पत्रिकाहरुको योगदानबारे चर्चा गर्दा गोरुबथान क्षेत्रबाट गैरीबास हायर सेकेन्डरी स्कुलको वार्षिक पत्रिका **प्रगति**को योगदानलाई बिर्सन सकिन्न। यस पत्रिकामा प्रकाशित आर. बी. छेत्रीको 'रोंगो गैरीबासको नामकरण', सन् २००५[७७] ले

---

६६. के. बी. मोक्तान, 'छोटा गेल र यसको वरिपरि', कुमार प्रधान (प्र. सं.), **सुनचरी**, सन् २००३।
६७. बी. एम. लिङदेन, 'पुवागढीको इतिहास खोज्दै त्यसकै वरिपरि चहार्दा', पूर्ववत्, २००३।
६८. एस. के. घिसिङ, 'सौन्दर्यका पारखीहरुदेखि अदृश्य रहेको प्रेमपुजारी डाँडा', पूर्ववत्, सन् २००३।
६९. निरज अयोग्य, 'लङ्कु छोटो परिचय', पूर्ववत्, सन् २००४।
७०. मेघनाथ राई, 'रेलिङ बस्ती र वरिपरिको संक्षिप्त इतिहास', पूर्ववत्, सन् २००४।
७१. सोनाम चुक्छे, 'सुन्दरी बस्ती छोटो परिचय', पूर्ववत्, सन् २००४।
७२. विकास कार्की, 'हिलकार्ट रोड कि तेन्जिङ नोर्गे सडक?', पूर्ववत्, सन् २००४।
७३. अम्बिका प्रधान, 'रिम्बिक वरदान कि अभिशाप', पूर्ववत्, सन् २००४।
७४. जे. योञ्जन लामा, 'ओल्ड गोर्खा स्टेसन', पूर्ववत्, सन् २००४।
७५. कृष्ण देवान, 'इतिहासको पृष्ठभित्र रेलिङका केही व्यक्तिहरु', पूर्ववत्, सन् २००४।
७६. एम. एम. गुरुङ, 'मिरिकको कथा', पूर्ववत्, २००४।
७७. आर. बी. छेत्री, 'रोंगो गैरीबासको नामकरण', एन. सुब्बा, प्रमोद कुमार छेत्री र अन्य (सम्पा.), **प्रगति**, प्रधान सम्पादकद्वारा प्रकाशित, गैरीबास हायर सेकेन्डरी स्कुल, गैरीबास, दार्जिलिङ, दो. सं., सन् २००५।

क्षेत्र वरपरका गाउँ-ठाउँका नाम र तिनको व्युत्पत्ति केलाएको पाइन्छ। छेत्रीद्वारा लिखित यस लेखमा यहाँका कुलैनबारीहरुमध्ये रोंगो खण्डको ऐतिहासिक, भौगोलिक, प्राकृतिक परिवेश सम्बन्धमा चर्चा गर्दै रोंगो कुलैनबारी वरपरका गाउँ-ठाउँको नाम राख्ने प्रणाली पनि प्रस्तुत गरेका पाइन्छन्। उनको यस कृतिबाट गाउँ-ठाउँको नामकरणको व्युत्पत्तिसँगै सिन्कोनाका प्रकार आदि सम्बन्धमा पनि विशेष जानकारी पाउन सकिन्छ।

यहाँका स्थाननामहरुकै सामान्य अध्ययन गरिएको लेखहरुका रुपमा नर्बु छिरिङ लेप्चाको 'समालबोङ तुकच्युम', जनवरी २००५[७८], पूर्ण तामाङको 'पेदोङको ऐतिहासिक पृष्ठभूमि', अगस्त २००५[७९], नयन प्रकाश सुब्बाको 'सउरको रुखहरुको देश (ल्यान्ड) सौरेनी', अगस्त २००५[८०], एल. डी. मोक्तानको 'सन्दर्भ वाटिन ढाँड गाउँभित्रका कुरा', अगस्त २००५[८१] आदि पनि देखापरेका छन्।

**सुनचरी** दैनिक समाचार पत्र एवम् उल्लिखित पत्र-पत्रिकाहरुमा देखापर्न आएका विभिन्न थरीका लेखादिले दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामहरुलाई लिएर स्फुट रुपमा कार्यादि भइरहेको जानकारी दिँदछ।

यस किसिमका कार्य प्रणालीले स्थानीय बासिन्दाहरुको आफ्नो गाउँ-ठाउँ आदिमाथि रहेको रुचि, आकर्षण, लगाव आदिलाई दर्शाएको पाइन्छ।

स्थाननाम अध्ययनमा रुचि राख्ने अध्येता, शोधार्थीवर्ग आदिलाई उक्त थरीका लेखादिले केही मात्रामा सहयोग पुऱ्याउने काम गरेको पाइन्छ।

**सुनचरी** दैनिक समाचार पत्रले झैं क्षेत्रमा प्रचलित अर्को दैनिक समाचार पत्र **हिमालय दर्पण**ले पनि स्थाननाम अध्ययनको क्षेत्रमा विशेष योगदान पुऱ्याएको छ।

**हिमालय दर्पण**मा देखापर्न आएको सौमेन नागको कृतिबाट युवराज काफ्लेद्वारा अनूदित लेख 'प्रसङ्ग गोर्खाल्यान्ड' बङ्गला पुस्तकबाट उद्धृत 'पार्वत्य अञ्चलको जीवन स्रोतमा बङ्गालको उपस्थिति पाइँदैन', अप्रेल २००६[८२] नामक २-४ खण्डमा प्रकाशित छन्। यी लेखहरुमा दार्जिलिङका कतिपय स्थाननामहरुको अर्थ केलाउने प्रयास भएको पाइन्छ। यसै समाचार पत्रमा दीपक बी. सी. को 'मिनरल

---

७८. नर्बु छिरिङ लेप्चा, समालबोङ तुकच्युन, कुमार प्रधान (प्र. सम्पा.) **सुनचरी**, सन् २००५।

७९. पूर्ण तामाङ, 'पेदोङ ऐतिहासिक पृष्ठभूमि', पूर्ववत्, सन् २००५।

८०. नयन प्रकाश सुब्बा, 'सउरको रुखहरुको देश-सौरेनी', पूर्ववत्, सन् २००५।

८१. एल. डी. मोक्तान, 'सन्दर्भ-वाटिन ढाँड गाउँभित्रका कुरा', पूर्ववत्, सन् २००५।

८२. युवराज काफ्ले (अनु.),पार्वत्य अञ्चलको जीवन स्रोतमा बङ्गालको उपस्थिति पाइँदैन, सौमेन नाग (मूल लेखक), एम. बी. राई(सम्पा.), **हिमालय दर्पण**, सिलगढी, सन् २००६।

स्प्रिङ (दबाईपानी) का उपलब्धिहरू', अप्रेल २००६[८३], नयन सुब्बाको ३ खण्डमा दर्पण दर्शिकाअन्तर्गत प्रकाशित 'रानीको हार', जुन २००६[८४], रेखा लामाको 'श्री कृष्ण मन्दिर', जुन २००६[८५] एवम् इन्द्रबहादुर राईको 'लोचनगरको खोजी', अक्टोबर २००६[८६] आदि देखा पर्न आएका छन्।

यी लेखादिबाट दार्जिलिङ पहाडी क्षेत्रका विभिन्न ठाउँहरूको नामकरणको व्युत्पत्ति केलाउँदा स्थाननामहरूको भाषातात्त्विक, ऐतिहासिक पक्ष आदिको पनि उद्घाटन हुन गएको छ। **हिमालय दर्पण**को 'दार्जिलिङ दर्पण' मा प्रकाशित जीवन लाबरको 'उहिलेको जेल रोड अहिले जे. एन. मित्र रोडको वरपर नियाल्दा', जनवरी २००७[८७], 'अहिलेको लाडेनला रोड उहिलेको म्याकेन्जी रोड', मार्च २००७[८८], विशाल राईको 'त्रिवेणी तथ्यः इतिहासको भंगालो', मार्च २००७[८९] आदि लेखहरूले दार्जिलिङ सहरको ऐतिहासिक पक्ष, सडक नामहरुका भूत र वर्तमान रूप आदिमाथि प्रकाश पार्ने काम गरेको पाइन्छ।

कृबु संयमीको 'मङमाया कि मनमाया?', मई २००७[९०], विशाल राईको 'मङमाया कि मनमाया होइन मङमा नै', मई २००७[९१], जीवन लाबरको 'यस्तै के के थिए लोयड रोडमा एन. बी. सिंह रोड',, मई २००७[९२], जीवन लाबरकै 'के के थिए दरोगा बजार', जुलाई २००७[९३] आदि हिमालय दर्पणमा प्रकाशित लेखहरूले पनि स्थाननामहरुका अध्ययनबाट दार्जिलिङको इतिहास, सामाजिक परिवेश आदि प्रदर्शित गर्ने प्रयास गरेको पाइन्छ। कृबु संयमी र विशाल राईका लेखहरूले भने स्थाननाम अध्ययनमा परेका समस्यातर्फ इङ्गित गरेको पाइन्छ।

यसरी नै **हिमालय दर्पण**को दार्जिलिङ दर्पण खण्डमा प्रकाशित गोलेको गफ नाममा देखापरेको महेन्द्र गोलेको 'हाम्रो ठाउँ थलोका नामहरू', जुन २००८[९४], 'दार्जिलिङका केही कमानहरुको नामबारे', जुलाई २००८[९५], 'ऐतिहासिक स्थलहरू लेप्चा जगत र घुम रक', अगस्त २००८[९६] आदि लेखहरूले

---

८३. दीपक बी. सी., 'मिनरल स्प्रिङ (दवाईपानी) का उपलब्धिहरू', **हिमालय दर्पण**, सन् २००६।
८४. नयन सुब्बा, 'रानीको हार', पूर्ववत्, सन् २००६।
८५. रेखा लामा, 'श्री कृष्ण मन्दिर', पूर्ववत्, सन् २००६।
८६. इन्द्रबहादुर राई, 'लोचनगरको खोजी', पूर्ववत्, सन् २००६।
८७. जीवन लाबर, 'उहिलेको जेल रोड अहिलेको जे. एन. मित्र रोड', पूर्ववत्, सन् २००७।
८८. जीवन लाबर, 'अहिलेको लाडेनला रोड उहिलेको म्याकेन्जी रोड', पूर्ववत्, सन् २००७।
८९. विशाल राई, 'त्रिवेणी तथ्यः इतिहासको भंगालो', पूर्ववत्, सन् २००७।
९०. कृबु संयमी, 'मङमाया कि मनमाया?', पूर्ववत्, सन् २००७।
९१. विशाल राई, 'मङमाया कि मनमाया होइन मङवा नै', पूर्ववत्, सन् २००७।
९२. जीवन लाबर, 'यस्तै के के तिए लोयड रोडमा', पूर्ववत्, सन् २००७।
९३. जीवन लाबर, 'के के थिए दरोगा बजार', पूर्ववत्, सन् २००७।
९४. महेन्द्र गोले, 'हाम्रो ठाउँथलोका नामहरू', पूर्ववत्, सन् २००८।
९५. महेन्द्र गोले, 'दार्जिलिङका केही कमानहरूको नामबारे', पूर्ववत्, सन् २००७।
९६. महेन्द्र गोले, 'ऐतिहासिक स्थलहरू लेप्चा जगत र घुम रक', पूर्ववत्, सन् २००७।

स्थाननामहरुको अर्थ आदि प्रस्तुत गरेको पाइन्छ। यस थरीका कृतिहरुले स्थानीय दैनिक समाचार पत्रहरुमार्फत पनि स्थाननाम अध्ययनमाथि स्फुट रुपमा कार्य आदि भइआएको तथ्य प्रस्तुत गर्दछ।

यसबाहेक पनि के. पी. तामसाङको सम्पादनमा सन् १९८० मा प्रकाशित **दि लेप्चा इङ्ग्लिस इन्साइक्लोपेडिक डेक्सनेरी**[१७] नामक विश्वकोशमा लेप्चा भाषाका शब्दहरुको अर्थ केलाउँदा सिक्किम र दार्जिलिङ पहाडी क्षेत्रका कतिपय स्थाननामहरुको पनि व्युत्पत्ति र अर्थ प्रस्तुत गरेका पाइन्छन्।

## १.७. शोधको सीमाङ्कन

यस शोधप्रबन्धमा दार्जिलिङ पार्वत्य क्षेत्रमा देखापर्न आएका विभिन्न ठाउँ र सडकहरुका नाम, नामको अर्थ, संरचना, परिवर्तित रुप, मूल रुप, परिवर्तनका कारण आदिको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ। प्रस्तुत शोधप्रबन्धले स्थाननामहरुले वहन गरेका भाषिक विशेषता, क्षेत्रीय भूगोल, पर्यावरण, नैसर्गिक पक्ष, समाज, संस्कृति, मानवमूल्य, जीवनदर्शन, आस्था-विश्वासजस्ता पक्षहरुको उद्घाटन गर्दछ। यस शोधकार्यमा दार्जिलिङ पहाडी क्षेत्रको उत्तरपूर्व दिशामा पर्ने सन्दकफू, फालुटदेखि लिएर रमाम, समानदेन, काङ्कीबोङ, सुम्बुक, झेपीदेखि गोक हुँदै उत्तरदिशातिर पेदोङ, साङ्से, कागे, लदाम भएर उत्तर-पश्चिमदिशातिर तोदे, ताङ्ता, पाटेन, गोदक आदि क्षेत्रहरुले घेरिएको भूभागलाई शोधको सीमा बनाइएको छ। उत्तर-पश्चिम दिशाबाट पश्चिमतिर आइपुग्दा कुमाई, गोरुबथान, सामसिङ हुँदै दक्षिण-पश्चिम दिशामा कोकलोङ, चामटा, पुन्डिङ भएर दक्षिणतिर च्याँगा, पानीघट्टा लोहागढ हुँदै दक्षिण पूर्वतिर सिङबुली, टिङलिङ, फुवागढी, मिरिकले घेरिएको क्षेत्रहरु सीमाभित्र लिइएको छ।

दक्षिण पूर्व दिशादेखि पुनः पूर्वतिर अघि बढ्दा गोपालधारा, सियोक टी गार्डन हुँदै सुके भएर मानेभञ्जाङ भई उत्तर पूर्व दिशातिर लोधोमा, रिम्बिक, मेघमा, सन्दकफू भई शोधकार्य सम्पन्न गरिने छ। यो शोधकार्य उपर्युक्त क्षेत्रभित्र पर्ने स्थाननामहरुको वर्णनात्मक अध्ययनमा केन्द्रित छ।

## १.८. शोध कार्यको औचित्य

यस शोध प्रबन्धमा प्रस्तुत गरिएका स्थाननामहरुको अध्ययनले दार्जिलिङ पहाडी क्षेत्रमा बसोबासो गरिआएका आदिवासीहरुको भाषादेखि लिएर तिनको वर्तमान भाषिक रुप, विभिन्न जातिका भाषिक विशेषता आदिको यथासम्भव वस्तुनिष्ठ जानकारी दिएको छ।

---

१७. के. पी. तामसाङ, लेप्चा-इङ्ग्लिस इन्साइक्लोपेडिक डिक्सनेरी, कालिम्पोङ, श्रीमती मायेल क्लिमीत तामसाङद्वारा प्रकाशित, सन् १९८०।

स्थाननामहरूको अर्थपरक अध्ययनले दार्जिलिङ पहाडी क्षेत्रको भौगोलिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक, पुरातात्त्विक परिवेश र वातावरणको जानकारी दिने हुँदा एवम् यस विषयमा यो नै पहिलो कार्य रहेको हुनाले यो शोध कार्य आफैमा औचित्यपूर्ण रहेको छ।

## १.९. शोध कार्यको रूपरेखा

प्रस्तावित शोधप्रबन्धको विषयवस्तुलाई सुव्यवस्थित र सुसङ्गठित पार्नका निम्ति ६ अध्यायमा विभाजन गरिएको छ। पहिलो अध्यायभित्र 'दार्जिलिङ पार्वत्य क्षेत्रका स्थाननामहरूको विश्लेषणात्मक अध्ययन' शीर्षकमा यहाँका स्थान, सडक आदिका नामहरूको अध्ययन गर्न अपनाइएको पद्धति, यस अध्ययनको प्रयोजन, उद्देश्य, औचित्यजस्ता विषयहरू प्रस्तुत गरिएको छ।

दोस्रो अध्यायमा स्थाननामविज्ञानको अर्थ, परिभाषा, परिचय, स्वरुप, क्षेत्र, प्रयोजन, स्थाननाम अध्ययनका आधार, पद्धति, अध्ययनको क्षेत्रमा देखापर्न आउने समस्या र सम्भावना, विकासजस्ता पक्षहरूमाथि चर्चा गरिएको छ।

तेस्रो अध्याय दार्जिलिङ पहाडी क्षेत्रको भूआकृति, सामाजिक, सांस्कृतिक परिवेश, प्रशासनिक व्यवस्था, जनसाङ्ख्यिकीय विवरण, यसको सिमाना, क्षेत्रफल आदिसित सम्बन्धित छ।

चौथो अध्यायमा स्थाननामहरूको संरचनात्मक अध्ययन प्रस्तुत गर्दा वार्णिक संरचनाका दृष्टिले स्थाननामहरूमा देखापर्न आएको वर्ण व्यवस्था, वर्ण परिवर्तन र तिनका फलस्वरुप प्रयोगमा आएको परिवर्तित रूप आदिमाथि चर्चा गरिएको छ। यसै अध्यायमा आक्षरिक संरचनाका दृष्टिले दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामहरूमा प्रयुक्त अक्षर संरचना, तिनका प्रकार आदिको चर्चा गर्दै एक अक्षरदेखि एघार अक्षरसम्म रहेका स्थाननामहरूको अध्ययन भएको छ।

यसरी नै शाब्दी संरचनालाई ध्यानमा राखी स्थाननामहरूको अध्ययन गर्दा स्थाननामहरूसित जोडिन आएका शब्दांश, स्थाननामहरूमा देखापर्न आएको शब्द परिवर्तनमा विविधता, विभिन्न भाषाका मिश्रित शब्दहरूमा केन्द्रित स्थाननाम आदिको उद्घाटन गरिएको छ। यसै अध्यायमा व्याकरणिकताका दृष्टिले स्थाननामहरूको अध्ययन गर्दा संज्ञा, सर्वनाम, विशेषण, क्रियापद युक्त, विपरीतार्थमूलक, पर्यायमूलक आदि बोध गराउने स्थाननामहरू देखापर्ने कुरो प्रस्तुत गरिएको छ।

पाँचौँ अध्याय स्थाननामहरूको अर्थपरक अध्ययनसित सम्बन्धित छ। स्थाननामहरूको अर्थपरक अध्ययन प्रस्तुत गर्दा स्थाननामहरूलाई वस्तुविशेषबोधक, ऐतिहासिक सन्दर्भसूचक, सामाजिक सन्दर्भसूचक,

भूभौतिक तात्पर्यसूचक, लोककथामूलक, सांस्कृतिक सन्दर्भसूचक एवम् अन्य विषयहरुमा विभाजन गरी प्रस्तुत गरिएको छ।

उपसंहारको रुपमा रहेको छैटौं अध्यायमा भने पहिलो अध्यायदेखि लिएर पाँचौं अध्यायसम्मका सम्पूर्ण भागको निचोड प्रस्तुत गरी यस अध्ययनको मूलभूत स्थापना र प्राप्तिबारे विवरण प्रस्तुत गरिएको छ।

LIBRARY • N.B.U. DARJEELING •

18 DEC 2012

241121